# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# साँफेबगर अछाम
# सार्वजनिक सुनुवाई कार्यक्रम २०७५/७६

## पृष्ठभूमी

नेपाल सरकारबाट विभिन्न समयमा जारी गरिएका सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहका सम्पूर्ण वर्ग तथा समुदायले स्थानीय तहबाट प्रवाह गरिने सबै प्रकारका सेवा सुविधाका बारेमा जानकारी गराउने उद्धेश्यका साथ सबै स्थानीय तहले प्रत्येक आ.व. अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्ने नीति भए अनुरुप यस नगरपालिकाले पनि उक्त नीतिहरुको अवलम्बन गर्दै चालु आ.व.०७५/७६ को श्रावण महिना देखि चैत्र मसान्त सम्मको अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने कार्यको शुरुवात गरेको छ । स्थानीय तहबाट प्रवाह गरिने सेवा सुविधाका बारेमा प्रत्यक्षरुपमा जनतालाई सहभागी गराई स्थानीय तहले सञ्चालन गरेका सबै कार्यक्रमहरुको बारेमा उनीहरुलाई जानकारी गराउने तथा जनता र स्थानीय तहबीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गरी सुशासन तथा पारदर्शिता कायम गर्न सेवाग्राही तथा समुदायबाट प्राप्त सुझावका आधारमा नगरपालिकाले आगामी दिनमा अवलम्वन गर्ने नीति तथा कार्यसम्पादनमा सुशासन प्रबर्द्धन गरी सेवाग्राहीमैत्री गतिविधिहरु अगाडी बढाउन स्थानीय तहको जवाफदेहिता अभिवृद्धि गर्न टेवा पुरयाउने हुँदा साँफेबगर नगरपालिकाले पनि यस सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको छ ।

## उद्धेश्यः

१. स्थानीय तहबाट उपलब्ध सेवा सुविधाका बारेमा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थानमा सेवाग्राही नागरिकले उठाएका प्रश्नमा स्पष्टता ल्याउने र नागरिकबाट आएका सूचनात्मक सुझावलाई ग्रहण गरी स्थानीय तहको सेवा प्रवाहबारे जानकारी गराउने ।

२. स्थानीय तहका जिम्मेवार अधिकारी र नागरिक बीचको दूरी कम गरी सेवा सुविधा प्रवाहमा सहजता ल्याई सुशासनको प्रत्याभूती गराउने ।

३. दोहोरो सम्वादको माध्यमद्धारा सेवाग्राही र सेवाप्रदायकबीच सुमधुर सम्बन्ध स्थापना गरी सेवाग्राहीमैत्री वातावरणको सिर्जना गर्ने ।

४. सेवाग्राही नागरिक र सेवाप्रदायकबीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गर्ने गरी सुशासन तथा पारदर्शिता कायम गर्ने ।

५. सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गर्ने जिम्मेवार संस्कार बसाउने ।

## नगरपालिकाको संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स. हरु बैजनाथ, जाल्पादेवी, सिद्देश्वर, मष्टामाण्डौं, नवाठाना, भागेश्वर, रिडिकोट र चण्डिका समाहित गरी विधिवतरुपमा घोषणा गरिएको यस साँफेबगर नगरपालिका मिति २०७३/११/२७ गते राज्य पुनसंरचना भएसंगै साविकका थप ६ वटा गा.वि.स.हरु बुढाकोट, घुघुरकोट, देविस्थान, खप्तड, बाब्ला र पातलकोट लाई यस नगरपालिकामा समाहित गरी  हाल १४ वटा वडामा विभाजित यो नगरपालिका सामुन्द्रिक सतहबाट करिब ५५० मिटरदेखि ३३०० मिटरसम्म उचाईमा रहेको यस नगरपालिकाको क्षेत्रफल १६६.७१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या महिला १८३०४ र पुरुष १५४८४ गरी कुल जनसंख्या ३३७८८ र घरधुरी संख्या ६६९३ रहेको छ भने नगर वस्तुगत विवरण २०७४ अनुसार महिला १९८७४ र पुरुष १८४६७ गरी कुल जनसंख्या ३८३४१ रहेको छ । त्यसैगरी अछाम जिल्लामै कुप्रथाको रुपमा जकडिएर रहेको छाउपडी प्रथालाई अँगाली यस सँग सम्बन्धित छाउहुने जम्मा महिलाहरुको संख्या मध्ये छाउपडी गोठमा बस्ने महिला ५१.१४ प्रतिशत र सो प्रथालाई सामाजिक कुसंस्कारको पर्वाह नगरी घरमै सुरक्षित रूपमा बस्ने महिला ४८.६ प्रतिशत रहेको छ भने यस नगरपालिकाका वडा नं. ६ भागेश्वर र वडा नं. १२ खप्तड छाउपडी गोठविहीन वडाकोरुपमा रहेका छन । यस नगरपालिका यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालकै चार धाम मध्येको एक धामको रुपमा रहेको प्रसिद्ध वैद्यनाथ धाम, जिमराडी धाम, खप्तड, नाइनी, धवलछडा, कालालेकी, जाल्पादेवी, हाडासैन, विमकोट पर्यटकीय क्षेत्र हुन भने प्रमुख आर्थिक केन्द्रमा समग्र अछाम जिल्लाकै व्यापारिक केन्द्रकोरुपमा रहेको साँफेबगर, बयालपाटा, ठाँटी, तासी बजार, बुढा बगर र श्रीकोट बजार रहेका छन।

नगरपालिकाको शैक्षिक क्षेत्रको अवस्थामा २ वटा क्याम्पस, सामुदायिक विद्यालय जम्मा ७० वटा मध्ये १४ वटा मा.वि. अन्तर्गत  ५ वटा प्राविधिक मा.वि. ,  नि.मा.वि. ३ वटा र ५३ वटा प्राथमिक विद्यालयहरु र संस्थागत विद्यालय जम्मा ७ वटा मध्ये मा.वि. ३ नि.मा.वि. १ र प्रा.वि. ४ रहेको यस नगरपालिकाको साक्षरता प्रतिशत ८६.९ रहेको छ भने निरक्षरता प्रतिशत १३.१ रहेको छ । नगर क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जनता कृषि पेशामा संलग्न रहेका छन भने पशुपालन पनि सहायक पेशाकोरुपमा रहेको छ । चारैतिर हरियाली बन र सुन्दर बस्ती भएको साँफेबगर नगरपालिका सुदूरपश्चिम प्रदेशकै विकास र सम्वृद्दिको सम्भावना बोकेको नगरपालिका भित्र पर्दछ । स्रोत र साधनको उचित प्रयोग हुन सकेको खण्डमा अपार जलस्रोतकोरुपमा रहेका बुढीगंगा, कैलाशखोला, आर्दोली गाड, जिजाडी गाड, प्रभाली गाड, इक्डी गाड आदिले यस क्षेत्रको कृषि तथा जलविद्युतको विकासमा टेवा पुरयाउने देखिन्छ ।

अब म यस नगरपालिकामा चालु आ.व. ०७५/७६ को श्रावण देखि चैत्र महिना सम्म सञ्चालन भई सम्पन्न भएका क्रियाकलापहरुको संक्षिप्त विवरण शाखागत रुपमा निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

## १.कृषि विकास शाखा

| सि न. | क्रियाकलापहरु | सम्पन्न भएका क्रियाकलापहरु |
|---|---|---|
| **१** | **बाली बिकास आयोजना** | |
| १.१ | बिउमा ५० प्रतिशत, ढुवानि उन्नतजातको गहुको बिउ बितरण | १००० के.जि. |
| **२.** | **आलुबालीबिकास आयोजना** | |
| २. १ | बिउमा ५० प्रतिशत, ढुवानि उन्नतजातको हिउदे आलुको बिउ बितरण | २००० के.जि. |
| २. २ | आकस्मिकबाली संरक्षण सेवा (बिषदि खरीद) | |
| **३.** | **किट बिकास योजना** | |
| ३.१ | कन्ये च्याउको बिउ बितरण | ५०० पाकेट |
| **४.** | **जैबिक विविधता संरक्षण** | |
| | कृषक पाठशाला संचालन (तरकारी,खाद्यान्न) | २ वटा |
| **५.** | **बागवानि विकास कार्यक्रम** | |
| ५. १ | हिउदे तरकारी बालीका कम्पोजिट बिउ खरीद | ३५००० |

## २.पशु सेवा शाखा

**आ.व. ०७५/७६**

| सि न. | क्रियाकलापहरु | सम्पन्न भएका क्रियाकलापहरु |
|---|---|---|
| १ | पशुस्वास्थ्य घुम्ति शिविर खोरेत नियन्त्रण | १,२,३,४,५,६,७,८ मा ४६६ घरधुरीका १३५४ पशुको उपचार |
| २ | सेवा केन्द्रको लागी औषधी खरिद | २ पटक |
| ३ | हिउदे घास विकास | १ पटक |
| ४ | साँफेबगर नगरपालिका वडा नं. ४,७ र ८ का सुनौला हजार दिनका आमाहरुलाई कुखुराको चल्ला वितरण | १ पटक |
| ५ | खोरेत रोगको उपचार तथा नियन्त्रण | सा.न.पा. ९,१० र ११ का १४५ घरपरिवारका ३२८ पशुको उपचार |

३. **योजना तथा प्राविधिक शाखाद्धारा सम्पादित कार्यहरुः**

४. **भौतिक पूर्वाधार विकास**

**क) भवन निर्माण तर्फः**

| क्र.सं. | योजनाको नाम | बजेट रकम रु. | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | साँफेहाटबजार शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण कार्य | ६ लाख | सम्झौता नभएको | |
| २ | मष्टामाण्डौं जनकल्याण शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण कार्य | १० लाख | ५०% कार्य सम्पन्न | |
| ३ | खप्तड होमस्टे भवन निर्माण कार्य | २ लाख | ८५% कार्य सम्पन्न | |
| ४ | सरस्वती प्रा.वि. पुस्तकालय भवन निर्माण बुढाकोट | ३ लाख | सम्पन्न | |
| ५ | त्रिपुरा सुन्दरी क्याम्पस भवन निर्माण श्रीकोट | २० लाख | निर्माणाधीन | |
| ६ | जनकल्याण मा.वि. प्राविधिक भवन निर्माण | २० लाख | सम्पन्न | |
| ७ | जनकल्याण मा.वि. प्राविधिक भवन निर्माण | २० लाख | निर्माणाधीन | |
| ८ | भागेश्वर स्वास्थ्य चौकी भवन निर्माण | १० लाख | ५०% कार्य सम्पन्न | |
| ९ | बुढीगंगा प्रा.वि. भवन निर्माण | ५ लाख | ५०% कार्य सम्पन्न | |

ख) खानेपानी तथा सरसफाई तर्फः

| क्र.सं. | योजनाको नाम | बजेट रकम रु. | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | ठाँटी खानेपानी मर्मत घुघुरकोट | १ लाख | सम्पन्न | |
| २ | तप्सीझाड खानेपानी निर्माण घुघुरकोट | ५० हजार | सम्पन्न | |
| ३ | जुकेपानी खानेपानी मर्मत घुघुरकोट | १ लाख | सम्पन्न | |
| ४ | रेगाडा खानेपानी निर्माण पाइप खरिद | १ लाख | निर्माणाधीन | |
| ५ | पँधेरीखोला खानेपानी निर्माण देविस्थान | २ लाख | सम्पन्न | |
| ६ | धौलाटा खानेपानी मर्मत देविस्थान | २ लाख | सम्पन्न | |
| ७ | हंशवाहिनी खानेपानी निर्माण देविस्थान | ९ लाख ४५हजार | ५०% कार्य सम्पन्न | |
| ८ | मुसेखोला घुरगाउँ खानेपानी योजना पातलकोट | ३ लाख | १००% कार्य सम्पन्न | |
| ९ | कालिमाटी टोल खानेपानी योजना टंकी निर्माण | ३ लाख ५० हजार | निर्माणाधीन | |
| १० | कालिमाटी डिपबोरिङ | १२ लाख | निर्माणाधीन | |
| ११ | स्वारवाडा खानेपानी जाल्पादेवी | ५०० मिटर पाइप | सम्पन्न | |
| १२ | रिठारुख खानेपानी योजना | १ लाख ५० हजार | निर्माणाधीन | |
| १३ | वाईखोला खानेपानी योजना | ४ लाख | निर्माणाधीन | |
| १४ | आकाशे पानी टंकी निर्माण | १ लाख | १००% कार्य सम्पन्न | |
| १५ | पारिगाउँ खानेपानी योजना | ३० हजार | १००% कार्य सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| १६ | सरस्वती आ.वि. खानेपानी तथा शौचालय निर्माण | २ लाख | ५०% कार्य सम्पन्न | |
| १७ | बक्तोला ह्याण्डपाइप निर्माण | १ लाख | १००% कार्य सम्पन्न | |
| १८ | हजार लिटर हिलटंकी खरिद | ५ वटा | १००% कार्य सम्पन्न | |
| १९ | गोनडाडा खानपानी योजना | १ लाख | १००% कार्य सम्पन्न | |
| २० | खानेपानी हिल टंयाक खरिद अपुग रकम | ५ लाख ४५ हजार | १००% कार्य सम्पन्न | |
| २१ | राक्सेमुल खानेपानी योजना | १ लाख | निर्माणाधीन | |
| २२ | टुंणे खानेपानी योजना निर्माण खप्तड | ५० हजार | १००% कार्य सम्पन्न | |
| २३ | कालापानी खानेपानी मर्मत योजना | २ लाख | १००% कार्य सम्पन्न | |
| २४ | पटाउटी खानेपानी निर्माण | १ लाख | १००% कार्य सम्पन्न | |
| २५ | धुपाधारा खानेपानी योजना | ५० हजार | ५०% कार्य सम्पन्न | |
| २६ | सैनीआम खानेपानी योजना | १ लाख | ५०% कार्य सम्पन्न | |
| २७ | धुसाआमा खानेपानी योजना | १ लाख | १००% कार्य सम्पन्न | |
| २८ | बाँजागडा खानेपानी निर्माण योजना | २० हजार | १००% कार्य सम्पन्न | |
| २९ | पिधेरीखोला धारो निर्माण योजना | २० हजार | १००% कार्य सम्पन्न | |
| ३० | सैनी साउनेखेत धारो निर्माण | १५ हजार | १००% कार्य सम्पन्न | |
| ३१ | श्रीकोट खानेपानी मुल संरक्षण | ७० हजार | ५०% कार्य सम्पन्न | |
| ३२ | एयरपोर्ट बजार ह्याण्ड पाइप निर्माण | १ लाख ६० हजार | १००% कार्य सम्पन्न | |
| ३३ | साँफे बजार खानेपानी सरसफाई | ५० हजार | १००% कार्य सम्पन्न | |
| ३४ | साँफे बजार सार्वजनिक शौचालय मर्मत | ६० हजार | ५०% कार्य सम्पन्न | |
| ३५ | मातृ सडक नाली मर्मत | ५० हजार | १००% कार्य सम्पन्न | |

ग) **सडक निर्माण तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | वडाकार्यालय दरवार सडक निर्माण कार्य | २००००० | सम्पन्न | |
| २. | पदाडा बर्माली ग्रामिण सडक | १० लाख ५०हजार | सम्पन्न | |
| ३. | देवल पुत्रु सडक | ६ लाख | सम्पन्न | |
| ४ | उनिसेन गणेश मन्दिर ग्रामिण सडक | १० लाख | निर्माणाधिन | |
| ५. | भृकु ग्रामिण सडक | ५ लाख | सम्पन्न | |
| ६. | ठाटि देखी देउली खाँद सम्म सडक मर्मत | ३ लाख | सम्पन्न | |
| ७. | भवाठाना देखि बास सडक मर्मत | २लाख ५० हजार | सम्पन्न | |
| ८. | बासकाटिया सडक मर्मत | ३ लाख | सम्पन्न | |
| ९. | साँफे बुढाकोट सडक मर्मत | २ लाख ९० हजार | सम्पन्न | |
| १०. | बुढाकोट एराडा सडक निर्माण | १५ लाख | सम्पन्न | |
| ११. | भासुवन सडक मर्मत | ३ लाख ५० हजार | सम्पन्न | |
| १२. | बुढाकोट पातलकोट सडक निर्माण | ९ लाख | सम्पन्न | |
| १३. | बुढाकोट पातलकोट ग्रामिण सडक निर्माण | १४ लाख १७ हजार ५ सय | सम्पन्न | |
| १४. | खापरमाण्डौ पटकानी सडक मर्मत | ३० हजार | सम्पन्न | |
| १५. | सुगरखाल रसकाडा ग्रामिण सडक | ५ लाख | निर्माणाधिन | |
| १६. | नवाठाना कठेना सडक निर्माण | १५ लाख | सम्पन्न | |
| १७. | सरस्वती आधारभुत विधालय देखि लोली सडक निर्माण | ५ लाख | निर्माणाधिन | |
| १८. | गोयलापानी लोली सडक निर्माण | ९ लाख ४५ हजार | सम्पन्न | |
| १९. | भागेश्वर सडक निर्माण | १० लाख | सम्झौता मात्र | |
| २०. | ककडसात देखि दलित टोल सम्म सडक निर्माण | २ लाख | सम्पन्न | |
| २१. | दुई पिपलबाट भुलवाडा सडक निर्माण | २ लाख | सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| २२. | गोनडाडा सडक निर्माण | २ लाख | सम्पन्न | |
| २३. | तुफानडाडा लामातोला सडक निर्माण | २ लाख | निर्माणाधिन | |
| २४. | काटै बाझाथला ग्रामिण सडक- | ३ लाख | सम्पन्न | |
| २५. | जमालगाँउ जिमराडी सडक निर्माण | ६ लाख | सम्पन्न | |
| २६. | बोहरावाडा बैजनाथ ग्रामिण सडक | २ लाख | सम्झौता मात्र | |
| २७. | सल्लाघारी दुधेपानी सडक तथा ग्याविन कार्य | ४ लाख | निर्माणाधिन | |

**घ) गोरेटो बाटो तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | तासी - वडा कार्यालय सम्म गोरेटो बाटो निर्माण | ४० हजार | सम्पन्न | |
| २. | भृकु गोरेटो बाटो निर्माण | २ लाख | सम्पन्न | |
| ३. | दासबाडा गोरेटो बाटो निर्माण | ५० हजार | सम्पन्न | |
| ४ | गणुल गोरेटो बाटो निर्माण | ८० हजार | सम्पन्न | |
| ५. | चुचीगाँउ देखि महाकाली आसम्म गोरेटो बाटो .वि. निर्माण | २ लाख | सम्पन्न | |
| ६. | चुचीगाँउ देखि धुलेश्वरी मन्दिर सम्म गोरेटो बाटो निर्माण | २ लाख | सम्पन्न | |
| ७. | पातलगाँउ वीच बाटो गोरेटो बाटो निर्माण | २ लाख | सम्पन्न | |
| ८. | लयाँटाटोल नमुना गोरेटो बाटो निर्माण | ४ लाख ५० हजार | सम्पन्न | |
| ९. | गैरागाँउ भम्क गोरेटो बाटो निर्माण | ३ लाख | सम्पन्न | |
| १०. | सुनारबाटा गोरेटोबाटो तथा पटकानी निर्माण | १ लाख ४५ हजार | सम्पन्न | |

**घ) पर्यटन तथा सस्कृती तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | त्रिपुरासुन्दरी मन्दिर निर्माण | २ लाख | निर्माणाधिन | |
| २. | कालिका मन्दिर निर्माण | १ लाख | सम्पन्न | |
| ३. | भैरवस्थान मन्दिर नर्माण | १ लाख | सम्पन्न | |
| ४ | त्रिपुरासुन्दरी मन्दिर निर्माण | १ लाख | सम्पन्न | |
| ५. | साईलेगाउ अम्गाई मर्मत | ४० हजार | सम्पन्न | |

**ङ) विधुत विस्तार तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | लोली टोल विधुत विस्तार | ४० हजार | सम्पन्न | |
| २. | बुढाकोट विधुत विस्तार | ४ लाख ५० हजार | सम्पन्न | |
| ३. | राष्ट्रिय विधुत लाईन विस्तार पातालकोट | १८लाख | निर्माणाधिन | |

**च) तटवन्धन तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | खैरालीखोला तटबन्धन | ४ लाख | सम्पन्न | |
| २. | चुचाने बुढिगंगा रिडिकोट | ९ लाख ४५ हजार | सम्पन्न | |
| ३. | बोहराबाडा गढी तटबन्धन - | २ लाख | निर्माणाधिन | |
| ४. | जिजाडीखोला तटबन्धन | २ लाख | निर्माणाधिन | |

**छ) सिचाई तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | भलायाखेत मालुमेला सिचाई कुलो निर्माण | १ लाख | सम्पन्न | |
| २. | गडेना सिचाई पोखरी निर्माण | १ लाख ५० हजार | सम्पन्न | |
| ३. | जिम्लेखोला सिचाइ कुलो निर्माण | ५० हजार | सम्पन्न | |
| ४ | सिम्लामा सिचाइ पाइप खरिद | ५० हजार | सम्पन्न | |
| ५. | खैरानाखहरेखोला सिचाइ कुलो - निर्माण | ३ लाख | सम्पन्न | |
| ६. | आमकुना सिचाई कुलो निर्माण | १ लाख ५० हजार | सम्पन्न | |
| ७. | कात्रेआम सिचाईकुलो निर्माण | २ लाख | सम्पन्न | |
| ८. | कालेखोला गेरुखाना सिचाई कुलो निर्माण | ३ लाख | सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| ९. | लाटेझाड सिचाई कुलो निर्माण | ३ लाख | सम्पन्न | |
| १०. | पाडिल्ला सिचाईकुले निर्माण | १ लाख ५० हजार | सम्पन्न | |
| ११. | घट्टेखोला सिचाईकुलो निर्माण | २ लाख | निर्माणाधिन | |
| १२. | सेरिखोलासेरीखेत सिचाई - कुलो निर्माण | २ लाख | सम्पन्न | |
| १३. | कोटिला सिचाईपोखरी निर्माण | १ लाख | निर्माणाधिन | |
| १४. | पडागडा अठाडे कुलो मर्मत | १ लाख ५० हजार | निर्माणधिन | |
| १५. | हुडकेटागा सिचाइ कुलो निर्माण | ३ लाख | सम्पन्न | |
| १६. | जिजाडी सिचाई कुलो निर्माण | ५ लाख | सम्पन्न | |
| १७. | वड्डिकुलो सिचाई कुलो निर्माण | २ लाख | सम्पन्न | |
| १८ . | डाडाकुलो सिचाई कुलो निर्माण | ७ लाख | सम्पन्न | |
| १९. | टाटक धुलेपाटा सिचाइकुलो निर्माण | ५ लाख | सम्पन्न | |
| २०. | छिपेखोला - जम्लाफडेला सिचाई कुलो मर्मत | ५० हजार | सम्पन्न | |

**ज) विविध तर्फ**

| क्र.स. | योजना नाम | बजेट रकम रु | हालको अवस्था | कफियत |
|---|---|---|---|---|
| १. | चण्डिका स्वास्थ्य चौकी घेरा पर्खाल | १ लाख ५० हजार | सम्पन्न | |
| २. | देवल पटकानी घेरा पर्खाल | २ लाख | सम्पन्न | |
| ३. | उपरगाँउ पटकानी निर्माण | ३० हजार | सम्पन्न | |
| ४. | कालिका मावि खेलमैदान . निर्माण | १० लाख | निर्माणाधिन | |
| ५ | हिमालय मा.वि. फर्निचर निर्माण | ३ लाख | सम्पन्न | |
| ६ | महेन्द्र मा.वि. प्राविधिक शिक्षा सामग्री खरिद | ५ लाख | सम्पन्न | |

## ३. <u>प्रशासन शाखा</u>

नगरपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालनको अवस्थाः

(२०७५/०४/ ०१ देखि २०७५/१२/३० सम्म)

१. दर्ता सं. - ८३५

२. चलानी सं. -९८६

३. नगरपालिकाको संगठन संरचना

| क्र.सं. | हालको पद | पद संख्या | पदपूर्ति भएको | पदपूर्ति बाँकि | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रसशाकीय अधिकृत | १ | ० | १ | |
| २ | सी.डी. ईन्जिनियर | १ | ० | १ | |
| ३ | शाखा अधिकृत (शिक्षा/प्रशासन/कानुन) | ३ | ० | ३ | |
| ४ | जनस्वास्थ्य अधिकृत/म.वि.अ. | १ | ० | १ | |
| ५ | कृषि अधिकृत | १ | ० | १ | |
| ६ | लेखा अधिकृत | १ | १ | ० | |
| ७ | इन्जिनियर | २ | ० | २ | १ सेवा करार |
| ८ | ना.सु. | २३ | ३ | २० | |
| ९ | ना.सु.(न्याय) | १ | ० | १ | |
| १० | प्रा.स. (शिक्षा) | १ | ० | १ | |
| ११ | म.बि.नि/स.म.बि.नि. वा खरिदार | १ | ० | १ | |
| १२ | लेखापाल | १ | ० | १ | |
| १३ | आन्तरिक लेखा परीक्षक | १ | ० | १ | |
| १४ | सब इन्जीनियर | ३ | १ | २ | |
| १५ | सर्भेक्षक | १ | ० | १ | |
| १६ | रेन्जर/ना.सु. | १ | ० | १ | |
| १७ | सह लेखापाल | १ | ० | १ | |
| १८ | असिस्टेन्ट सब इन्जीनियर | १४ | १ | १३ | ५ सेवा करार |
| १९ | खरिदार/कार्यालय सहायक | १४ | ३ | ११ | १ जना करार सेवा |
| | **जम्मा** | **७२** | **९** | **६३** | |

## ४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा विवरणः

### व्यक्तिगत घटना दर्ताको अवस्थाः

| वडा नं. | जन्म दर्ता | विवाह दर्ता | मृत्यू दर्ता | बसाइ सराइ | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|
| १ | ३० | ११ | ८ | ४ | ० |
| २ | ८० | ३ | २१ | १ | ० |
| ३ | १२८ | १३ | २५ | १ | ० |
| ४ | १०३ | १८ | २१ | २ | ० |
| ५ | २९ | १२ | १२ | २ | ० |
| ६ | ६१ | ७ | २ | २ | ० |
| ७ | १९९ | १८ | ७ | २ | ० |
| ८ | ५३ | ४ | १९ | ८ | ० |
| ९ | १३७ | ११ | १६ | ७ | ० |
| १० | ५३ | ९ | १९ | ७ | ० |
| ११ | १३७ | ११ | १९ | १० | ० |
| १२ | ८० | ७ | २१ | ५ | ० |
| १३ | १७४ | ९ | २१ | १० | ० |
| १४ | ९७ | ९ | १३ | ८ | ० |
| जम्मा | १३६१ | १४२ | २२४ | ६९ | ० |

### सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण

### प्रथम चौमासिक किस्ता (२०७५ श्रावण देखि कार्तिक सम्म)

| वडा नं. | जेष्ठ नागरिक भत्ता- अन्य | जेष्ठ नागरिक भत्ता (दलित) | एकल महिला भत्ता | बिधवा भत्ता | पूर्ण अपाङ्गता भत्ता | अति अशक्त अपाङ्गता भत्ता | बालबलिका सुरक्षा भत्ता - दलित | बाल पोषण अनुदान भत्ता | जे .ना. आैषधी उपचार भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | ४३ | ४४ | ५३ | १३ | २ | १४ | ९९ | ५७ | ८७ | ३२५ |
| २ | १०९ | १५८ | ५० | ३६ | १ | ९ | १९८ | १९२ | १८९ | ७५३ |
| ३ | १५४ | १०५ | १८२ | ४८ | ५ | १५ | १७० | १८९ | २७७ | ८६८ |
| ४ | १०५ | १२१ | १२१ | २५ | ७ | ११ | २०४ | १३५ | २०६ | ७२९ |
| ५ | ११३ | ८७ | ४३ | २७ | १ | ९ | ९१ | २३३ | १६८ | ६०४ |
| ६ | ६६ | ५४ | ३४ | १५ | ३ | ८ | ४१ | ४९ | १०९ | २७० |
| ७ | ९३ | १११ | ६२ | १७ | ० | १२ | ८८ | १४० | १७९ | ५२३ |
| ८ | १४१ | ९८ | ६७ | २६ | ० | ७ | १०१ | १३० | २१० | ५७० |
| ९ | ८८ | ८२ | ६६ | १३ | १ | २ | १४३ | २२० | १४० | ६१५ |
| १० | ९० | ९५ | १२५ | ४० | ४ | ४ | २०३ | ३४६ | १९७ | ९०८ |
| ११ | ५१ | ६५ | ५८ | १५ | १ | १ | १८७ | ४३० | १०४ | ८०८ |
| १२ | ५२ | ३१ | ५३ | ९ | २ | २ | ६० | २३० | १०९ | ४३९ |
| १३ | ९४ | ८९ | ९९ | २३ | १ | ३ | १४३ | ३२५ | १७५ | ७७७ |
| १४ | ५९ | ८५ | ६९ | २१ | १ | ४ | १८२ | ३५९ | ११० | ७८० |
| **जम्मा** | **१२५८** | **१२२५** | **१०८२** | **३२८** | **२९** | **१०१** | **१९१०** | **३०३५** | **२२६०** | **८९६८** |

**दोस्रो चौमासिक किस्ताः(२०७५ मंशिर देखि फागुन सम्म)**

| वडा नं. | जेष्ठ नागरिक भत्ता- अन्य | जेष्ठ नागरिक भत्ता (दलित) | एकल महिला भत्ता | बिधवा भत्ता | पूर्ण अपाङ्गता भत्ता | अति अशक्त अपाङ्गता भत्ता | बालबलिका सुरक्षा भत्ता - दलित | बाल पोषण अनुदान भत्ता | जे .ना. आौषधी उपचार भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | ४३ | ४४ | ५३ | १५ | २ | १४ | १०१ | ६६ | ८९ | ३३८ |
| २ | ९७ | १४९ | ४९ | ३५ | १ | ९ | १८१ | २२१ | १६८ | ७४२ |
| ३ | १५४ | १०५ | १८२ | ४८ | ५ | १५ | १५३ | १८९ | २८१ | ८५१ |
| ४ | १०५ | १२१ | १२१ | २९ | ७ | ११ | १९६ | १३३ | २०९ | ७२३ |
| ५ | ११२ | ८५ | ४३ | २७ | १ | ९ | ९३ | २४० | १६६ | ६१० |
| ६ | ६६ | ५४ | ३४ | १७ | ३ | ८ | ४० | ५४ | ११० | २७६ |
| ७ | ९३ | १११ | ६२ | १७ | ० | १२ | ९८ | १३५ | १८१ | ५२८ |
| ८ | १४२ | ९८ | ६७ | २६ | ० | ८ | १०१ | १३५ | २११ | ५७७ |
| ९ | ८८ | ८२ | ६६ | १६ | १ | २ | १४७ | २४२ | १४५ | ६४४ |
| १० | ८५ | ९० | १२२ | ३० | ३ | २ | १९४ | ३३१ | १९३ | ८५८ |
| ११ | ५० | ६१ | ५६ | १५ | १ | १ | १८६ | ४२६ | १०४ | ७९६ |
| १२ | ५० | ३० | ४६ | ९ | २ | २ | ५० | २२३ | १०३ | ४१२ |
| १३ | ८३ | ८७ | ९७ | २० | १ | ३ | १३७ | ३०८ | १६४ | ७३६ |
| १४ | ५९ | ८६ | ६९ | २१ | १ | ४ | १९७ | ३७९ | ११४ | ८१६ |
| **जम्मा** | **१२२७** | **१२०३** | **१०६७** | **३२५** | **२८** | **१००** | **१८७४** | **३०८२** | **२२३८** | **८९०६** |

## ५. न्यायिक समितिद्धारा सम्पादित कार्यको संक्षिप्त विवरणः

क) न्यायिक समितिमा दर्ता भएका मुद्धा तथा उजुरी संख्याः- ६ वटा

ख) फर्छ्यौट भईसकेको संख्याः- ४ वटा

ग) फर्छ्यौट हुने प्रक्रियामा  रहेको संख्याः- २ वटा

घ) १४ वटै वडाका प्रति वडा ३ जनाका दरले ४२ जना मेलमिलाप कर्तालाई ४८ घण्टे/ ८ दिने न्यायिक कार्य सम्बन्धी तालिम सञ्चालन ।

ङ) तालिम लिएका मध्ये ३० जना मेलमिलाप कर्ता न्यायिक समितिमा सूचिकृत।

न्यायिक समितिमा दर्ता भएका ६ वटा मुद्धाहरु जसमा घरेलु हिंसा, आलीधुर, गालीगलौज, कुटपिट र श्रमिकहरुले श्रम गरेवापतको ज्याला नपाएको सम्बन्धीका मुद्धाहरु रहेका छन् ।

## ६. <u>नगर अनुगमन समितिद्धारा सम्पादित कार्यहरुः</u>

यस नगरपालिकामा गठित नगर अनुगमन समितिले हाल नगरक्षेत्रमा सञ्चालित ५१ वटा योजना तथा कार्यक्रमको समग्र अवस्थाको अनुगमन गरिएको छ र अनुगमन गरिएका योजनाहरुको विवरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**१. विद्युत**

**२. खानेपानी**

**३. सडक**

**४. विद्यालय भवन मर्मत/घेरापर्खाल/फर्निचर निर्माण**

**५. सिंचाईं कुलो**

**६. पर्यटकीय मार्ग/पैदल मार्ग**

**७. तटबन्धन**

**८. खेलमैदान  आदि ।**

माथि उल्लेखित विकास निर्माणका आयोजनाहरुको अनुगमन पश्चात देखिएका कमी कमजोरी तथा योजनाको लागत इष्टिमेट भन्दा कमसल गुणस्तर भएमा सम्बद्ध निर्माण उपभोक्ता समिति र आम लाभग्राही हरुलाई आयोजना स्थलमै सुधारका लागि उचित निर्देशन गर्ने र लागत इष्टिमेट बमोजिम नै योजनाको निर्माण कार्य गर्न लगाई भुक्तानीका लागि सिफारिस गरिएको अवस्था छ ।